# सामाजिक विकास कार्यालयबाट सञ्चालन हुने महिला बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन

# मापदण्ड, २०८१

माननीय मन्त्रीस्तरीय निर्णयबाट मिति
२०८१/०४/३० मा स्वीकृत।

## आ.व.२०८१/०८२

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

### २.१.२३ महिला उद्यमशीलता प्रोत्साहन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | पटक | १ | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला वर्गको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले उद्यमशीलता र सीपमूलक तालिम प्राप्त गरेका व्यक्तिहरुलाई उद्यमी वन्नको लागि प्रोत्साहन गर्न र उद्यमीहरुको स्तरोन्नतीका लागि उद्यमशीलता विकासका लागि सहयोग प्रदान गरी सफल महिला उद्यमी/ व्यवसायी बन्न सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | (क) उद्यम/व्यवसाय प्रवर्द्धनका लागि पूँजी र प्रविधि सहयोग गरी महिला उद्यमी तथा उद्यमको क्षमता अभिवृद्धि गर्नु,<br>(ख) रोजगार स्वरोजगार र उद्यमशीलताको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • महिलाको लागि उध्यमशिलता/ प्रविधि हस्तान्तरण<br>• प्रविधि सहयोगको लागि वढीमा रु.एक लाख अनुदान उपलब्ध गराउने<br>• कार्यक्रम संचालन, व्यवस्थापन र अनुगमनका लागि वढिमा ५० हजारसम्म खर्च गरिने। |
| ५ सञ्चालन गरिने क्रियाकलाप | १. प्रविधि हस्तान्त्रणको लागि सम्बन्धित उद्यमी महिलाहरुबाट देहायका कागजात सहित निवेदनको लागि प्रस्ताव मागः<br>• अनुसूचि ६ बमोजिमको ढाँचामा भरिएको व्यवसायिक योजना<br>• नेपाली नागरिकताको प्रमाणपत्र<br>• सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>• उद्योग व्यवसाय दर्ता र नविकरणको प्रमाणपत्र,<br>• स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्ध कर दर्ताको प्रमाणपत्र,<br>• कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,<br>• आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र,<br>• व्यावसायिक योजना र आवश्यक प्रविधि/औजार/सामग्री<br>➢ अनुसूचि ७ बमोजिमको ढाँचामा महिला उद्यमीको प्रस्ताव मूल्याङ्कन तथा छनौटका लागि देहाय वमोजिमको समिति रहनेछ ।<br>सामाजिक विकास कार्यालय प्रमुख — संयोजक<br>मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि — सदस्य |

| | |
|---|---|
| | जिल्ला समन्वय समितिको प्रतिनिधि — सदस्य<br>कार्यालयको आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य<br>सम्बन्धित शाखा प्रमुख - सदस्य सचिव<br>• महिला उद्यमीको छनौट, अभिमुखिकरण तथा सम्झौता |
| ६. अपेक्षित प्रतिफल | • महिलाहरुको उद्यमशिलता प्रवर्द्धनका लागि प्रविधिमा सहयोग पुगेको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | भुक्तानिको लागि पेश गर्नुपर्ने कागजातः<br>• कार्यालयसँग भएको सम्झौताको प्रतिलिपी<br>• आवश्यता अनुसार कोटेशन सम्बन्धी कागजातहरु<br>• सामान खरिद आदेश र दाखिलाको रजिष्टरको फोटोकपी<br>• स्थानीय तहको कार्य सम्पन्न सिफारिस<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• प्रतिवेदन र भुक्तानी माग निवेदन (वैंक खाता विवरण) |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## अनुसूचि ६

## महिला उद्यमशीलता प्रोत्साहन कार्यक्रमको लागि पेश गर्ने व्यावसायिक योजनाको ढाँचा

श्री सामाजिक विकास कार्यालय

.............

१. उद्यमी/व्यावसायीको नामथरः ठेगानाः सम्पर्क नं.

२. उद्योग/व्यावसाय संचालन गरेको स्थानः

३. उद्योग/व्यवसाय

क. नाम

ख. पृष्ठभूमि

ग. उद्योग/व्यावसायको दर्ता नं. र दर्ता मिति पान नं.

घ. व्यावसाय स्थापनाको उद्देश्य

ङ. शुरु लगानी (नगद तथा अन्य)

च. उद्योग/व्यावसायको प्रकृतिः (पशुजन्य/कृषिजन्य/जडिवुटी/लघु उद्यम/अन्य)

छ. हाल जनशक्तिको अवस्थाः महिला.....पुरुष....कुल .....जना

ज. उद्योग/व्यावसाय संचालनमा रहेको जग्गाको स्वामित्व/प्रमाण

झ. व्यावसायको हालको अववस्थाः

ञ. उत्पादन र बजारको अवस्था तथा सम्भावना

ट. व्यावसायः उत्पादनजन्य/प्रशोधनजन्य/बजारीकरण

ठ. आवश्यक कच्चा पदार्थ र संचालन सामग्री आपूर्तिको व्यवस्था

ड. कच्चा पदार्थको उपलब्धताः स्थानीयस्तरमा उपलब्ध/जिल्लाभित्र उपलब्ध/जिल्ला बाहिरबाट ल्याउनुपर्ने

ढ. भावी योजना अनुसार आवश्यक पर्ने प्राविधिक तथा अन्य जनशक्तिः महिला र पुरुष संख्या खुलाउने

ण. जोखिम व्यवस्थापनको सोचः

त. माग/अपेक्षा गरेको सहयोगको क्षेत्रः

थ. व्यावसायमा प्रयोग हुने प्रविधि र अनुमानित लागत

द. लगानी विस्तारको योजना

ध. अन्य केही भए खुलाउने ।

**<u>पेश गर्नेको</u>**

नामथर

हस्ताक्षर

उद्योग/व्यावसायको छाप

## अनुसूचि ७

## महिला  उद्यमशीलता प्रोत्साहन कार्यक्रमको लागि मूल्याङ्कनका आधारहरु

| क्रसं. | सूचक | पूर्णाङ्क | अंक विभाजन | कैफियत |
|---|---|---|---|---|
| १ | रोजगारी दिएको संख्या | १० | ३ जना सम्म भए -अंक ६<br>४-७ जनासम्म भए- अंक ८<br>७ जना भन्दा वढि भए- अंक १० | |
| २ | रोजगार प्राप्त महिलाको संख्या | ५ | पुरुष समेत भए- २ अंक<br>सवै महिला भए-  अंक ५ | |
| ३ | उद्योग संचालन कार्यानुभव (अवधि) | १० | ४ वर्ष भन्दा कम भए- अंक ६<br>४ देखि ७ वर्षसम्म भए- अंक ८<br>७ वर्ष वढि भए — अंक १० | |
| ४ | स्थानीय तह विवरण | ५ | महानगरपालिका भए- अंक ३<br>नगरपालिका भए — अंक ४<br>गाउँपालिका भए — अंक ५ | |
| ५ | महिलाहरुलाई उद्यमी बनाउन सहयोगी कार्यक्रम संचालन गरेको | ५ | कमजोर भए -अंक ३<br>ठिकै भए — अंक ४<br>राम्रो भए- अंक ५ | |
| ६ | गत वर्ष यसै वमोजिमको कार्यक्रम परे/नपरेको | ५ | परेको भए — अंक ०<br>नपरेको भए- अंक ५ | |
| ४ | योजना मागको समग्र मूल्याङ्कन | १० | सामान्य — अंक ६<br>ठिकै — अंक ८<br>राम्रो — अंक १० | |
| जम्मा | | ५० | | |